आज मिति २०७५ असार २९ गते शुक्रवार बिहान ७:३० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बोर्ड बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. सदस्य सचिव श्री रोहित राज पोखरेल

**विषयहरु :–**

१. पेश्की फछ्र्यौटबारे ।

२. योजनाको म्याद थपबारे ।

३. कर्मचारीको म्याद थपबारे ।

४. ५५ झ्याले दरवार सर्वसाधारणको लागि खुल्ला गर्ने बारे ।

५. स्वरोजगार तालिम संचालनबारे ।

६. भुक्तानीबारे ।

७. विविध ।

**निर्णयहरु :**

१. पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

क) पेश्की फछ्यौट सम्बन्धमा

| क्र. सं. | योजनाका बिवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.र कम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भोलाछे नारायण मन्दिर जिर्णो□र कार्य | ६ | २,०६,४३४।०० | | १,३९,३२०।७७ | १,०९,२२६।१७ | १,००,०००।०० | ९,२२६।१७ | वडा | पेश्की फछ्यौट |
| २ | धालाखुसी र सृजनानगर बाटो ग्राभेलि□ कार्य | १ | १,३६,६२१।७४ | २,१५,६०१।५८ | १,९४,९७८।२४ | १,७६,६००।०० | ४५,०००।०० | १,३१,६००।०० | मर्मत कोष | रि.ल.ई तथा पेश्की फछ्यौट |
| ३ | भगवती स्थानदेखि भद्रकालीसम्मको बाटो मर्मत | ५ | ४,७४,३८०।९५ | | ४,८५,०९८।२३ | ३,९९,०४९।९८ | १,५५,०००।०० | २,४४,०४९।०० | सडक बोर्ड | पेश्की फछ्यौट |
| ४ | लामगाल पाटी | ९ | २४,२३,६८३।६६ | | २०,१०,९०७।४० | १८,२९,७६५।९३ | २,५०,०००।०० | ७,७४१।४८ | क्रमागत | २,५०,०००।– पे.फ गर्ने गरी आशिक पे.फ. |

२. म्याद थप सम्बन्धमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

R R Construction र भनपा भवन पछाडि थप गर्ने वा नगर्ने विषयमा छलफल गरियो ।

३. कर्मचारी म्याद थप सम्बन्धमा निम्न अनुसारको कर्मचारीहरुको म्याद २०७५ असार मसान्तमा सकिने भएकोले म्याद सकिएको मितिले २०७६ असार मसान्तसम्मको लागि म्याद थप तथा नविकरण गर्ने निर्णय गरियो :

क. समूह्र सफाई सम्झौतामा कार्यरत

ख. मासिक सेवा करारमा कार्यरत

ग. २०७२ सालको विनासकारी भूकम्पपछि तत्काल व्यवस्थापन गर्न दैनिक ज्यालादारीमा नियुक्ति भएका कर्मचारीहरुलाई २०७५ साल साउन १ गतेदेखि लागू हुने गरी मासिक ज्यालादारीमा सेवा करारमा सम्झौता गर्ने निर्णय गरियो ।

४. विश्व प्रसिद्ध पचपन्न झ्याले दरवार सर्वसाधारण र विदेशी पर्यटकहरुका लागि हप्ताको ३ दिन खुल्ला गर्ने र यसका लागि आवश्यक पूर्वाधारको तयारी एवं कार्यविधि निर्माण गर्ने निर्णय गरियो ।

५. स्वरोजगार तालिम संचालन सम्बन्धमा छलफल हुंदा यस न.पा.को लागि आवश्यक तालिमहरु संचालन गर्ने निर्णय गरियो ।

६. भुक्तानी सम्बन्धमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

| भुक्तानी सम्बन्धमा | |
|---|---|
| १ | भ.न.पा. ७ र ८ वडास्थित लिवाली प्लानि□ बाटो देगइनादेखि बाल विकास स्कुलसम्मको बाटो तथा अन्य बाटोहरूमा पीच गर्ने कार्यको ल.ई.रू.१,०२,०८,३०८।७२ बराबर स्वीकृत भई महेश्वरी बाटोमा कार्य संचालन गरी पहिलो चरण कार्यको पहिलो रनि□ बीलबाट भ्याट बाहेक रू.२६,०७,०६२।४० र भ्याटसहित रू.२९,४५,९८०।५१ आशिक भुक्तानी भैसकेको र लिवाली बाटोमा दोश्रो चरण कार्यको रनि□ बील सबबेस तथा बेस परिणामको भ्याटबाहेक रू.२८,४२,००८।०० र भ्याटसहित रू.३२,११,४६९।३०४ भुक्तानी दिने निर्णय गरियो । |

७. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. यस नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्ने ध्येयले स्थानीय पाठ्यक्रम निर्माण कार्य दलमा रहेका पदाधिकारीहरुलाई पाठ्यक्रम निर्माणसंगै विद्यालयहरुमा उक्त पाठ्यक्रम कार्यान्वयन गरेको अनुगमन, मूल्यांकन र पृष्ठपोषणसम्मको जिम्मेवारी दिने गरी (कक्षा १ र ६ का लागि) प्रति कक्षाको कर बाहेक १,००,०००।– (अक्षेरुपी रु. एक लाख) रुपैयांका दरले पारिश्रमिक दिने निर्णय गरियो ।

ख. नगरपालिकाको बोर्ड बैठक समितिको बैठक तथा वडा समितिहरुको बैठकमा सहभागी हुने कर्मचारीहरुलाई पनि कार्यविधि बनाई बैठक भत्ता दिने निर्णय गरियो ।

ग. नगरवासी दाजुभाई दिदीबहिनीहरुलाई आ.व. २०७४/०७५ को घर जग्गा मूल्यांकन करमा ५० प्रतिशत छुट प्रदान गर्दै आएको सुविधालाई नगरवासीहरुको आग्रह बमोजिम आ.व.२०७५/०७६ को असोज मसान्तसम्म निरन्तरता दिने निर्णय गरियो । साथै आ.व. २०७५/०७६ को घर जग्गा मूल्यांकन करमा समेत असोज मसान्तसम्म ५० प्रतिशत छुट दिने निर्णय गरियो ।

घ. २०७५ असार २८ गतेको विनासकारी बाढीको कारण भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गर्दै बाढीग्रस्त संरचना पुनः निर्माण कार्यलाई तीव्रताका साथ अघि बढाउने तथा बाढी प्रभावित क्षेत्रमा खानेपानी फोहरमैला व्यवस्थापन, ढल निकास व्यवस्थापन र सरसफाई कार्यका लागि तत्काल नगर बजेटमा विनियोजित रकम रु.२० लाखबाट खर्च गर्ने, बाढी प्रभावितहरुको लगत संकलन गरी उचित राहत वितरणको व्यवस्था गर्ने निर्णय गरियो । साथै बाढीग्रस्त क्षेत्रमा तत्काल व्यवस्थापन र राहतमा खटेका विभिन्न संघ, संस्था एवं महानुभावहरुलाई नगरपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाको तेश्रो नगरसभामा देहाय बमोजिमका निर्णयहरु पारितको लागि प्रस्ताव पेश गर्ने निर्णय गरियोः

१. आ.व. २०७४/०७५श्रावण १ गतेदेखि २०७५ असार २९ गतेसम्मको यस नगरपालिका र नगर कार्यपालिकाको बोर्ड बैठक, विभिन्न समितिहरु, उपसमितिहरु, उपभोक्ता समितिहरुबाट भए गरेका सम्पूर्ण काम कार्वाही र निर्णयहरु अनुमोदन गरियो । साथै पूर्व स्वीकृत कर्मचारी प्रशासन सम्बन्धी विनियम-२०६५ लगायतका विनियम, कार्यविधि, निर्देशिका आदिलाई आवश्यकता अनुसार संशोधन सहित निरन्तरता दिन पेश गर्ने निर्णय गरियो ।

२. यस न.पा.को प्राविधिक सल्लाहकार, कानूनी सल्लाहकार र अन्य आवश्यक सेवा र प्राविधिक सेवा, इन्जिनियरिङ्ग सेवा, पशु सेवा, कृषि सेवा, सहकारी सेवा, कार्यालय सहयोगी, माली, सवारी चालक, सरसफाई, नकर्मी, इलेक्ट्रिसियन, डकर्मी, सिकर्मी, पेन्टर आदि आवश्यकता अनुसार सेवा करारबाट लिने निर्णय गरियो ।

३. यस नगरपालिकाको नगर सभा पटक पटक बस्न नसकिने भएकोले नगर सभाबाट गर्ने काम कार्वाही गर्नको लागि बोर्ड बैठकलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

४. यस भक्तपुर नगरपालिकाको साविक दरबन्दीलाई यथावत कायम गरी आवश्यकता अनुसार O&M गरी संगठन स्वरुप परिमार्जन र दरबन्दी मिलान गर्न भ.न.पा. बोर्डलाई अधिकार दिने निर्णय गरियो ।

५. यस नगरपालिकामा लामो समयसम्म कार्यरत कर्मचारीहरुलाई स्थायी, बढुवा, फाइल बढुवा, स्तर वृद्धि आदि वृति विकास सम्बन्धी कार्वाही अगाडि बढाउन भ.न.पा बोर्डलाई निर्देशन दिने निर्णय गरियो ।

६. यस न.पा.को आर्थिक वर्ष २०७४।७५ असार २९ गतेसम्म विभिन्न शिर्षकमा बजेट संशोधन गरी रु. ९९३६५७००८।– खर्च भएको अनुमोदन गर्ने निर्णय गरियो ।

७. यस न.पा.मा आ.व. २०७५।७६ देखि प्रोढभावी लेखा प्रणाली लागू गर्न आवश्यक व्यवस्था गर्ने निर्णय गरियो।

८. यस नगरपालिकाको आ.व २०७४।७५ मा स्वीकृत तथा सम्पन्न विकास निर्माण र सम्पदासंग सम्बन्धि योजना आयोजनाहरुको जाँचपास तथा फरफारक गर्ने निर्णय गरियो ।

९. आ.व. २०७५/०७६ को लागि यस न.पा. लाई आवश्यक सरसामानको वार्षिक खरिद योजना सम्बन्धमा खरिद इकाई समितिबाट रु. १,४७,४७,६५६।९० को वार्षिक खरिद योजना तयार भई स्वीकृतिको लागि जिन्सी उपशाखाबाट पेश भएको रु. १,४७,४७,६५६।९० को वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

१०. यस न.पा.को आ.व २०७३।७४ को अन्तिम लेखा परीक्षण सम्पन्न गरी मिति २०७४।१२।२५ मा महालेखा परीक्षकको कार्यालयले पेश गरेको र यस अन्तर्गतका निकायहरुको आ.व. २०७३/०७४ को अन्तिम लेखा परीक्षण गर्न नियुक्ति भएका लेखा परीक्षक आचार्य आर.के. एण्ड एशोसिएट्सले यस न.पा.को अन्तिम लेखा परीक्षण गरी मिति २०७५।३।२९ गते भ.न.पा. द.नं. ८१८९ बमोजिम पेश भएको प्रतिवेदन उपर छलफल हुंदा उक्त लेखा परीक्षण प्रतिवेदनमा औंल्याएका बेरुजुहरु तथा सुझावहरुलाई कार्यान्वयन गर्न नगरसभामा पेश गर्ने निर्णय गरियो ।